| ऐन संख्या :- | २ |
|---|---|

# चौविसे गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७७

| गाउँ सभाबाट स्वीकृत मिति :- | २०७७/१२/०५ |
|---|---|

चौविसे गाउँपालिका
राजारानी, धनकुटा
१ नं. प्रदेश

भाग- १

## चौविसे गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७७

सम्वत् २०७७ सालको ऐन नं.२

प्रस्तावना: चौविसे गाउँपालिकाको अर्थतन्त्रको महत्वपुर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक तथा स्वास्थ्यको दृष्टिकोणबाट समेत पशु तथा पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको स्वास्थ्य रूपमा उत्पादन, विक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्ने वा सञ्चालित कार्यक्रमहरू बाट ठोस उपलब्धी प्राप्त गर्ने बान्छनीय भएकोले,

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौविसे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१ संक्षिप्त नाम तथा प्रारम्भ :

(१) यस ऐनको नाम " चौविसे गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७७" रहनेछ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(१) "ऐन" भन्नाले " चौविसे गाउँपालिकाका पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०७७" सम्झनु पर्छ ।

(२) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पंक्षी र माछालाई समेतलाई जनाउछ ।

(३) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दुध, फूल र हाड, छाला, सिंङ, खुर, प्वाख, ऊन, भुत्ला रौ, भुण, वीर्य, ग्रन्थी, मल मुत्र वा सो बाट बनाईएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(४) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनुपर्छ ।

(५) "जैविक पदार्थ" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागी प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(६) "क्वारेन्टाइन चेकपोष्ट" भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्दछ ।

खजिन्द्र राई
अध्यक्ष

(७) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई कुनै खास ठाउमा तोकिएको अवधिभर परीक्षणको लागी एकैसाथ वा छुटाछुटै राख्ने काम सम्झनु पर्छ ।

(८) "क्वारेन्टाइन अधिकृत" भन्नाले दफा ५ बमोजिम नियुक्ति गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(९) "क्वारेन्टाइन स्थल" भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई परीक्षणको लागी क्वारेन्टाइनमा राखिने ठाउ सम्झनु पर्छ ।

(१०) "संक्रामक रोग" भन्नाले अनुसुचीमा उल्लिेखित रोगहरू र नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोकेका अन्य रोगहरूलाई सम्झनु पर्छ ।

(११) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१२) "विभाग" भन्नाले संघीय सरकार, पशु सेवा विभाग सम्झनुपर्छ ।

(१३) "स्थानीय सरकार" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्छ ।

(१४) "नेपाल ऐन" भन्नाले सम्बन्धमा बनेको अर्को संघीय वा प्रदेश ऐन भन्ने सम्झनु पर्छ ।

(१५) "कार्यालय प्रमुख" भन्नाले चौविसे गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत व्यक्ति सम्झनु पर्छ ।

(१६) "भेटेरीनरी निरिक्षक" भन्नाले दफा २८ बमोजिम नियुक्ति गरिएको वा तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(१७) "पैठारीकर्ता" भन्नाले नेपाल बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने ब्यक्ति सम्झनु पर्छ ।

(१८) "निकासीकर्ता" भन्नाले नेपाल राज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने ब्यक्ति सम्झनु पर्छ ।

(१९) "तोकिएको" वा "तोकिएका बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(२०) "गाउँपालिका" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## पशु क्वारेन्टाइन सम्बन्धी ब्यवस्था

३. क्वारेन्टाइन चेकपोष्टको स्थापना: क्वारेन्टाइन चेकपोष्ट स्थापना संघीय/प्रादेशिक सरकारले तोकेबमोजिम हुनेछ ।

४. क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने : संघीय/प्रादेशिक सरकारले तोकिए बमोजिम हुनेछ ।

५. क्वारेन्टाइनमा अधिकृतको नियुक्ति: संघीय/प्रादेशिक सरकारले तोकिए बमोजिम हुनेछ ।

(७) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई कुनै खास ठाउमा तोकिएको अवधिभर परीक्षणको लागी एकैसाथ वा छुटाछुटै राख्ने काम सम्झनु पर्छ ।

(८) "क्वारेन्टाइन अधिकृत" भन्नाले दफा ५ बमोजिम नियुक्ति गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(९) "क्वारेन्टाइन स्थल" भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई परीक्षणको लागी क्वारेन्टाइनमा राखिने ठाउ सम्झनु पर्छ ।

(१०) "संक्रामक रोग" भन्नाले अनुसुचीमा उल्लिखित रोगहरू र नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोकेका अन्य रोगहरूलाई सम्झनु पर्छ ।

(११) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१२) "विभाग" भन्नाले संघीय सरकार, पशु सेवा विभाग सम्झनुपर्छ ।

(१३) "स्थानीय सरकार" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्छ ।

(१४) "नेपाल ऐन" भन्नाले सम्बन्धमा बनेको अर्को संघीय वा प्रदेश ऐन भन्ने सम्झनु पर्छ ।

(१५) "कार्यालय प्रमुख" भन्नाले चौविसे गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत व्यक्ति सम्झनु पर्छ ।

(१६) "भेटेरीनरी निरिक्षक" भन्नाले दफा २८ बमोजिम नियुक्ति गरिएको वा तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(१७) "पैठारीकर्ता" भन्नाले नेपाल बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(१८) "निकासीकर्ता" भन्नाले नेपाल राज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(१९) "तोकिएको" वा "तोकिएका बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(२०) "गाउँपालिका" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. <u>क्वारेन्टाइन चेकपोष्टको स्थापना</u>: क्वारेन्टाइन चेकपोष्ट स्थापना संघीय/प्रादेशिक सरकारले तोकेबमोजिम हुनेछ ।

४. <u>क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने</u> : संघीय/प्रादेशिक सरकारले तोकिए बमोजिम हुनेछ ।

५. <u>क्वारेन्टाइनमा अधिकृतको नियुक्ति</u>: संघीय/प्रादेशिक सरकारले तोकिए बमोजिम हुनेछ ।

६.प्रमाणपत्र दिनु पर्ने: तोकिए बमोजिम ढाँचामा क्वारेन्टाइन प्रमााणपत्र उपलब्ध गराउनु पर्नेछ ।

७.क्वारेन्टाइनमा राख्नु पर्ने: गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

८.निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त: निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तथा शुल्क तोकिए बमोजिम हुनेछ ।

९.क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नुपर्ने: पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ ।

१०.क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नुपर्ने: : संघीय/प्रादेशिक सरकार/स्थानिय सरकारले तोकेको रोगहरू भएको पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

११.प्रवेश गर्न रोक लगाउने सक्ने: देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ:

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउँबाट ल्याएको हो सो ठाउँमा संक्रामक रोगको प्रकोप भएका सुचना प्राप्त भएका,

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम संक्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थ्यता सम्बन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भए तापनी केही पशुहरू संक्रामक रोग लागी मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा ।

१२.आदेश दिन सक्ने: कानुन बमोजिम/तोकिए बमोजिम हुनेछ ।

१३.लिलाम गर्न सकिने: प्रचलित कानुन बमोजिम हुनेछ ।

१४.हटाउने वा नष्ट गर्ने: प्रचलित कानुन बमोजिम हुनेछ ।

१५.पशुहरूको ओसारपसार सम्बन्धि ब्यवस्था : तोकिए बमोजिम हुनेछ ।

१६.निकासी पैठारीको लागी परिक्षण गर्न सक्ने: चौविसे गाउँपालिकाबाट अन्यत्र पशुपन्छी वा चौपाया निकासी पैठारीको लागी स्वास्थ्य परिक्षण गर्नेको लागी गाउँपालिकाको सम्बन्धित शाखा प्रमुखले गर्ने सक्नेछ ।

## परिच्छेद ३
## पशु नश्ल सुधार सम्बन्धि ब्यवस्था

१७.सुचना जारी गर्न सक्ने :



खजिन्द्र राई
अध्यक्ष

(१) चौविसे गाउँपालिका भित्र रहेका कुनै जातका पशुको बंश लोप हुनबाट बचाउन वा तिनीहरू नश्ल सुधार गर्ने दृष्टिले नेपाल राज्यको कुनै क्षेत्रमा सोही सुचनामा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारि राख्नु पर्ने गरि सुचना जारी गर्न सक्नेछ ।

तर परम्परादेखि चलिआएको पुजा आजा वा धार्मिक अनुष्ठानका लागी नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएका त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरि अलग्गै राख्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ ।

## परिच्छेद ४

## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

१८.उद्योग स्थापना गर्न सिफारिस पत्र लिनुपर्ने: जैविक पदार्थ,चल्ला, माछाका भुरा उत्पादन गर्ने ह्याचरी वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्ने चाहने व्यक्तिले तोकिएको दस्तुर बुझाई चौविसे गाउँपालिका बाट सिफारिस लिनुपर्नेछ ।

१९.निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने : जैविक पदार्थ, चल्ला वा माछाका भुरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएको चौविसे गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

२०.अनुमतिपत्र लिनुपर्ने:(१) जैविक पदार्थ,चल्ला,माछाका भुरा बिकी वितरण वा मासु प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएको चौविसे गाउँपालिकाबाट तोकिएको दस्तुर तिरी अनुमतिपत्र लिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम विकी वितरण गरिने जैविक पदार्थ,चल्ला,माछाका भुरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## पशु स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धि व्यवस्था

२१.पशु स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धि व्यवस्था:(१)चौविसे गाउँपालिका पशु विकास शाखाबाट आवश्यकता अनुसार पशुपन्छिहरूको नियमित चेक जाँच, रोग आउटब्रेक अन्वेषण, नमुना संकलन, परिक्षण, डिजिज सर्भिलेन्स, प्राविधिक उपचार तथा आवश्यक प्राविधिक परार्मश सेवा उपलब्ध गराईन्छ ।

(२)पशुसेवा शाखाले आवश्यक अनुसार स्थानिय पाराभेट एवं सरोकारवालाहरू सगंको समन्वयमा मेडिकल उपचार,माईनर सर्जिकल, गाईनोक्लोजिकल उपचार,पशु बन्ध्याकरण, प्रयोगशाला सेवा परिक्षण गर्नेछ ।

खडजित राई
अध्यक्ष

## परिच्छेद ६

## पशु सेवा कार्यक्रम सञ्चालन प्रक्रिया

पशु सेवा कार्यक्रम सञ्चालन प्रक्रिया:(१)चौविसे गाउँपालिकाले वार्षिक रूपमा यस क्षेत्रका ...हरूलाई आवश्यकता अनुसारको कार्यक्रम सञ्चालन गर्नेको लागी यसै ऐनको दफालाई ... कार्यक्रम निर्देशिका, कार्यविधि बनाई उक्त कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ७

## दण्ड सजाय र पुनरावेदन

...दण्ड सजायः

... दफा ९ को उल्लघंन गरि पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री पैठारी गर्ने ...क्तिलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य ...पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएका पाइएमा दोब्बर जरिवाना हुनेछ ।

... दफा १० को उल्लघंन गर्ने ब्यक्तिलाई दश हजार रूपैयौंसम्म जरिवाना हुनेछ।

... दफा १२ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने ब्यक्तिलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१) (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावलीको उल्लघन गर्ने ब्यक्तिलाई कसुरको मात्रा हेरी पाँच हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

२४.मुद्दाको तहकिकात र दायराः कानुन अनुसार हुनेछ ।

२५.मुद्दा हेर्ने अधिकारीः(१) दफा ९ अन्तर्गतको मुद्दा हेर्न अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२)उपदफा (१) मा लेखिए देखि बाहेक यस ऐन अन्तगतको मुद्दा हेर्ने अधिकारी कार्यालय प्रमुखलाई हुनेछ ।

२६.नेपाल सरकार वादी हुनेः यस ऐन अन्तरगतको मुद्दा सरकार वादी हुनेछ ।

२७.पुनरावेदनः दफा २५ को उपदफा (१)) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले पैतिस दिन भित्र उच्च अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारी गरेको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले तोकिए बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ८

२८. भेटेरीनरी निरिक्षकको नियुक्तिः

खजिन्द्र राई
अध्यक्ष

(१) संघीय कानुन/प्रादेशिक कानुनले तोकिए बमोजिम हुनेछ ।
(२) उपदफा (१) बमोजिम नियुक्ति हुने भेटेरीनरी निरिक्षकहरूले काम,कर्तब्य र अधिकार संघीय कानुन/प्रादेशिक कानुनले तोकिए बमोजिम हुनेछ ।

२९.अधिकार प्रत्यायोजन: चौविसे गाउापालिकाले तोकिए बमोजिम हुनेछ ।
३०.पशुप्रति निर्दयी ब्यवहार गर्न रोक लगाउन सक्ने: पशु प्रति हुने निर्दयी ब्यवहार रोक्नको लागी गाउंपालिकाले एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तब्य र अधिकार सोही गाउंपालिकाले तोकिंदिए बमोजिम हुनेछ ।

३१.जाँचबुझ गर्न सक्ने:
(१) कार्यालय प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संकामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री रहेको जनसुकै स्थानमा प्रवेश गरि जाँचबुझ गर्न सक्नेछ ।
(२) उपदफा (१)बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको जाँचबुझ गर्दा दफा १० बमोजिम गाउंपालिकाले तोकेको रोगहरू लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ ।
(३)उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री नहटाएमा वा नष्ट नगरेमा शाखा प्रमुख आफैले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।
(४)उपदफा (३) बमोजिम पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन साम्रगी हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पुर्ण खर्च सम्बन्धित धनीबाट संरकारी बाकी सरह असुल उपर गरिनेछ ।
३२.नष्ट गर्ने कार्यविधि: यस ऐन बमोजिम मृत, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री नष्ट गर्ने कार्यविधिले तोकिए बमोजिम हुनेछ ।
३३.बाधा नहुने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी कुनै प्रशोधित पशुजन्य पदार्थमा संकामक रोग लागेको आसंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई क्वारेन्टाइनमा राखि परिक्षण गर्ने बाधा पुऱ्याएको मानिने छैन ।
३४.अनुसुचीमा हेरफर तथा थपघट गर्ने अधिकार: चौविसे गाउँपालिकाको सभाले अनुसुचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।
३५.प्रचलित कानुन बमोजिम हुने: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानुन बमोजिम हुनेछ ।
३६.नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागी चौविसे गाउँपालिकाले नियमहरू बनाउन सक्नेछ ।
३७. यो ऐन संघीय ऐन/प्रादेशिक ऐनसंग बाझिएको हदसम्म सोही ऐन बमोजिम हुनेछ ।

खजिन्द्र राई
अध्यक्ष